तपाईले तपाईको पृथ्वीलाई के योगदान दिनु सक्नु हुन्छ?

१. प्रतिज्ञा गरेर सुरूवात गर्नु होस।

२. रूखका विरूवा रोप्नु होस।

३. बस गाड़ीमा चढ़ेर जानुहोस यदि तपाई काही जानु हुन्छ भने।

४. एउटा गाड़ीमा एकत्रित भएर चड़नुहोस।

५. सामग्री साझा चलाउनु होस अनि साझा बोक्नु होस।

६. बिजुली कम्ती चलाउनुहोस अनि जरूरी छैन भने मार्नु होस ।

७. पानीको कल बन्द गर्नुहोस। पानी खेर नफ्याल्नु होस।

८. तपाईले बिजुलीका बल्बहरू उर्जा किफायती खालका प्रयोग गर्नुहोस।

९. तपाईले मैला-कूचेला देखे कूड़ा दानीमा हाल्नुहोस ।

१०. तपाई आफै शिक्षित बन्नु होस अनि अरूलाई पनि बनाउनु होस ।

११. उत्तापले चमकिने बिजुली बल्बहरूलाई उर्जा योग्य बल्बसँग बदलाउनु होस।

१२. **गाड़ी [illegible] कुदाउनु होस अनि धेरै हिड़नु** होस।

१३. पुन् बनाउ, फेरी प्रयोग गरौं, कम्ती गरौं।

१४. बिजुली-बत्तीहरू मारौं/निभाऊ एक घण्टाका लागी अथवा दिनै पिछे।

**तपाई एक असल नागरिक हुनुहुनेछ, तपाईले आफ्नो कर्तव्य गरेर :-**

- पर्यावरणलाई जोगाई राखौं।
- हाम्रो वन सम्पदालाई जोगाई राखौं।
- वन्य प्राणीलाई जोगाई राखौं।
- प्राकृतिक/पर्यावरणलाई सुधारौं अनि यसको संरक्षण गरौं।





सिक्किम राज्य कानूनी सेवा प्राधिकरणद्वारा प्रकाशित

दूरभाष : ०३५९२ २८४७५३


# सिक्किम राज्य कानूनी सेवा प्राधिकरण

४२ औं पृथ्वी दिवस, अप्रेल २२, २०१२

## "पृथ्वी दिवस" २०१२ ले तपाईहरूलाई यो प्रेरणा दियोस !

प्रत्येक वर्ष अप्रेल २२ तारीकका दिन पृथ्वी दिवस मनाउँदछौं। पृथ्वी दिवस गेलड नेलसन विसकोसिनबाट सिनेटर भएकाले १९७० सालमा सुरूगरेका हुन्। १९६९ मा सन्त बारबारा क्यालिर्फोनियामा प्रचुर मात्रामा तेल पोखेका उपद्रहरे पछि, साधारण जनतालाई हावा र पानीको प्रदूषण बारे जागरूक्ता गराउन हेतु राष्ट्रीय राजनैतिक मुद्दा बनाउनु हो। सकारत्मक स्वच्छ पर्यावरण बनाउन हेतु पृथ्वी दिवस शुरू गरिएको हो। १९७० देखि पृथ्वी दिवस सक्रियरूपमा व्यक्तिहरू एवं संगठनहरूद्वारा प्रत्येक वर्ष मनुष्यहरूद्वारा ग्रह-नक्षेत्रसंग यसलाई शोषित गरे बापत सुमधुर सम्बन्ध बनाई राख्न खातिर जोड़दारसँग लड़नु हो।

**कानूनी प्रावधानहरू हाम्रो "भारतको संविधान" मा हाम्रो पर्यावरणलाई जोगाई राख्नका निम्ति :-**

भारतको संविधानको धारा ४८ए अनि ५१ए (सानो जी) मा "मौलिक कर्तव्य" प्रत्येक राज्यको अनि प्रत्येक भारतका नागरिकले प्राकृतिक पर्यावरणका सुरक्षा अनि सुधार गर्नु हो।

धारा ४८ए अनि ५१ए (सानो जी) अनुसार राज्यले नागरीकका निम्ति पर्यावरणलाई मात्र सुरक्षा गर्नु मौलिक हक होइन तर संसदले उर्पयुक्त विधि यस सम्बन्धमा तयार पार्नु पर्छ।

(क) धारा ४८ए मुताविक राज्यद्वारा अनुसरणीय केही नीति सिधान्तहरू घोषणा गर्दछ कि "राज्यले देशको पर्यावरणको संरक्षा तथा त्यसको संवर्द्धन र बन तथा बन्य जीवहरूको रक्षा गर्ने प्रयास गर्नेछ।"

(ख) भाग ४ ए को धारा ५१ए (सानो जी) त्यस्तै दायित्व प्रत्येक नागरिकहरूलाई यो मौलिक अधिकार दिदछ कि पर्यावरण संरक्षण अनि यसको सुधार गर्न खातिर ।

(ग) प्रत्येक भारतका नागरिकको कर्तव्य हो कि प्राकृतिक पर्यावरणको जस अन्तर्गत वन, झील, खोला-नदी र अन्य वन्य प्राणीहरूको रक्षा गरून अनि तिनीहरूको सर्वद्धन तथा प्राणीप्रति दयाको भाव राखून।

यद्धपी धारा ४८ए अनि ५१ए न्यायोचित नहोला यस संर्धममा, तर धारा ४८ए अनि ५१ए मुताविक कथंकाल कर्तव्य गर्नबाट वंचित रहे, पिड़ित व्यक्तिले जन चासोको मुद्धा दायर मान्निय सर्वोच्च न्यायालय या उच्च न्यायालयमा क्रमशः /मुद्धा हेरि गर्न सक्छन् ।

पर्यावरणलाई परिभ्रष्ट गर्नुबाट जोगाउँन जन चासोको मुक्दमाहरू भारतमा बड़ेका छन् अनि भारतमा यस विषय न्यायपालिका अघि आई मानिस एवं पर्याविण दुवैलाई उद्धार गरी माइल खुटी खालका धेरै न्यायिक फैसला/रायहरू दिएका छन्।

संसदले पर्यावरणसंग सम्बन्धित विभिन्न कानूनहरू बनाई अधिनियम गरेका छन् :-

केही मुख्य कानूनहरू तल दिएका छन् :-

१. भारतीय दण्ड संहिता १८६० ।
२. दण्ड प्रकिया संहिता, १८९८ (संसोधित १९७३ मा) ।
३. पर्यावरण संरक्षण अधिनियम, १९८६ ।
४. वन्य संरक्षण एवं प्राकृतिक परिस्थितिको अधिनियम, १९९४ ।
५. भारतीय वन अधिनियम, १९२७।
६. वन्य जन्तु (सुरक्षा) अधिनियम, १९७२ ।
७. जल (रोकथाम एवं प्रदुषण नियंत्रण) अधिनियम, १९७४ ।
८. वायु (रोकथाम एवं प्रदुषण नियंत्रण) अधिनियम, १९८१ ।